भोटखोला गाउँपालिका संखुवासभा

# स्थानीय राजपत्र

खण्ड २ , संख्याः १,

गाउँ कार्यपालिकाबाट पारीत मिति २०८०/०२/२९

गाउँसभाबाट स्वीकृत मिति २०८०/०३/१०

## भागः २

## भोटखोला गाउँपालिकाको कर्मचारी तह वृद्धि सम्बन्धी कार्यविधि, २०८०

भोटखोला गाउँपालिका सखुवासभा

# भोटखोला गाउँपालिकाको कर्मचारी तह वृद्धि सम्बन्धी कार्यविधि, २०८०

कोशी प्रदेश स्थानीय सेवा गठन तथा सञ्चालन अध्यादेश, २०८० मा भएको कानुनी व्यवस्थालाई कार्यान्वयन गर्न भोटखोला गाउँपालिकामा कार्यरत कर्मचारीहरुलाई तह वृद्धि गर्न आवश्यक भएकाले सो अध्यादेशको दफा १५४ को अधिकार प्रयोग गरी भोटखोला गाउँपालिकाको गाउँ कार्यपालिकाको मिति २०८०/०२/२९ गतेको बैठकबाट स्विकृत यो कार्यविधि जारी गरेको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भः**

(१) यस कार्यविधीको नाम " भोटखोला गाउँपालिकाको कर्मचारीको तह वृद्धि सम्बन्धी कार्यविधी २०८०" रहेको छ ।

(२) यो कार्यविधी तुरुन्त लागु हुनेछ ।

**२. परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः-

(क)**"अध्यादेश'** भन्नाले कोशी प्रदेशबाट जारी भएको स्थानीय सेवा ( गठन तथा सञ्चालन) अध्यादेश,२०८० सम्झनु पर्दछ ।

(ख) **"कार्यविधि"** भन्नाले भोटखोला गाउँपालिकाको कर्मचारी तह वृद्धि सम्बन्धी कार्यविधि, २०८० सम्झनु पर्दछ ।

(ग) **"प्रदेश "** भन्नाले कोशी प्रदेश सम्झनु पर्दछ ।

(घ) **"गाउँपालिका "** भन्नाले भोटखोला गाउँपालिकालाई सम्झनु पर्दछ ।

(ङ) **"कार्यालय "** भन्नाले भोटखोला गाउँकार्यपालिकाको कार्यालय र सो अन्तरगत रहेका कार्यालयहरुलाई सम्झनु पर्दछ ।

(च) **"कार्यपालिका "** भन्नाले भोटखोला गाउँपालिकाको कार्यपालिकालाई सम्झनु पर्दछ ।

(छ) **"कर्मचारी "** भन्नाले भोटखोला गाउँपालिकाको बिभिन्न सेवाको पदमा बहाल रहेका स्थायी कर्मचारी सम्झनु पर्दछ र सो शब्दले कर्मचारी समायोजन ऐन २०७५ बमोजिम समायोजन भई साथै संघीय लोकसेवा आयोग वा प्रदेश लोकसेवा आयोगबाट सिफारिस भई भोटखोला गाउँपालिकामा कार्यरत स्थायी कर्मचारी समेतलाई जनाउदछ ।

(ज) **"प्रमुख प्रशासकीय अधिकृत "** भन्नाले भोटखोला गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्दछ ।

(झ) **"तह वृद्धि "** भन्नाले अध्यादेशको दफा ४, दफा ८ र दफा २८ बमोजिम गरिने तह वृद्धिलाई सम्झनु पर्दछ ।

(ञ)) **"प्रदेश लोकसेवा आयोग "** भन्नाले कोशी प्रदेशको प्रदेश लोकसेवा आयोगलाई सम्झनु पर्दछ ।

(ट) **"सिफारिस समिति "** भन्नाले यो कर्यविधिको दफा ६ बमोजिम गठित सिफारिस समितिलाई सम्झनु पर्दछ ।

भोटखोला गाउँपालिका संखुवासभा

(ठ) **"अख्तियारवाला"** भन्नाले कर्मचारीको नियुक्ति, पदस्थापन र अवकाशको निर्णय गर्ने अधिकारी/प्रमुख प्रशासकिय अधिकृत सम्झनु पर्दछ ।

(ड) "स्थानिय पद" भन्नाले निवृतिभरण वा योगदान मूलक निवृतिभरण वा उपदान पाउने र म्याद नतोकीएको स्थानिय सेवाको पद सम्झनु पर्दछ ।

(ढ) "स्थानिय सेवाæ भन्नाले स्थानिय सेवा (गठन तथा संचालन)अध्यादेह २०८० को दफा ३ मा भएका स्थानिय सेवाहरु सम्झनु पर्दछ ।

**३. <u>सूचना प्रकाशित गर्नेः</u>**

(१) तह वृद्धिको लागि आवेदन पेश गर्न ३० दिनको म्याद राखी कार्यालयको सूचना प्रकाशित गरिनेछ ।

(२) अध्यादेशको दफा ४ को उपदफा (५) र दफा ८ को उपदफा (१६) को कार्यान्वयनको लागि तत्काले सूचना प्रकाशन गर्नेछ । साथै दफा २८ बमोजिमको प्रत्येक वर्षको जेठ र पौष महिनामा गरी बर्षको दुई पटक सूचना प्रकाशन गर्नेछ ।

(३) प्रकाशित सूचनामा तोकिएको मिति भित्रमा सम्बन्धित कर्मचारीले अनुसूचि -१ बमोजिमको ढाँचामा देहायको कागजातहरु संलग्न गरि सिफारिस समिति समक्ष निवेदन पेश गर्नु पर्नेछ ।

१.स्थायी नियुक्ति पत्रको प्रतिलिपी

२.हालको पदमा बढुवा वा स्तरबृद्दि भएको भए पत्रको प्रतिलिपी

३.नेपाली नागरिक्ताको प्रमाणपत्रको प्रतिलिपी

४.आवश्यक न्यूनतम शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपी

५.यस गाउँपालिकामा स्थायी दरबन्दी भई अन्यत्र कामकाज गर्न खटिएका कर्मचारीले आफू कार्यरत रहेको कार्यालयमा नियमित रुपमा कामकाज गरि रहेको प्रमाण पेश गर्नु पर्नेछ ।

**<u>४.तह बृद्दि हुँदा त्यस्तो पद स्वत :</u>** तह बृद्दि हुँदा माथिल्लो तहको पदमा कायम हुने र त्यसरी तह बृद्दि भएको कर्मचारीको जुनसुकै कारणले सो पदमा नरहेमा त्यस्तो पद साविककै पदमा कायम हुनेछ ।

**<u>५. तह बृद्दि सम्बन्धि योग्यता र सेवा अवधी :</u>** तह बृद्दिको लागी अध्यादेशको दफा ४ ,८,२८ र २९ बमोजिम योग्ता पुरा गरेको हुनु पर्नेछ ।

**<u>६.तह बृद्दि सम्बन्धी ब्यवस्था :</u>**

(१) गाउँपालिकामा कार्यरत कर्मचारीको तहबृद्दि गर्दा अध्यादेशको दफा २८ को उपदफा १ अनुसार तह बृद्दि हुने कर्मचारीहरुको हकमा तह बृद्दि हुने पद भन्दा एक तह मुनिको पदमा पाचँ वर्षको सेवा अवधी पूरा भएका कम्तिमा पछिल्लो तीन वर्षको कार्य सम्पादन मूल्याङकन औसत नब्बे प्रतिशत अङ्क प्राप्त गरेकार देहाय बमोजिम सम्बन्धीत सेवा ,समुह वा उपसमुह भित्र तह बृद्दि गरिने छ ।

(२) यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएता पनि निम्न बमोजिम विशेष ब्यवस्था रहनेछ ।

(क) अध्यादेशको दफा ८ को उपदफा १४ बमोजिम चौथो तहमा कार्यरत कम्प्यूटर अपरेटर पदमा कार्यरत कर्मचारीको प्रमुख प्रशासकिय अधिकृतले तह बृद्दिको निर्णय गरि नियुक्तिपत्र दिनेछ ।

(ख) अध्यादेशको दफा ८ को उपदफा १६ बमोजिम निजामती सेवा बाहेकका अन्य सेवामा स्थानिय तहमा समायोजन भई सेवा अवधी ५ वर्ष पुरा गरेका पाचौ , सातौ र नवौ तहमा कार्यरत कर्मचारीलाई अध्यादेशको दफा २८ को प्रकर्या पुरा गरि क्रमश: छैठो ,आठौ र दशौ तहमा एक तह बृद्दि गरिनेछ । यसको लागी संगठन तथा ब्यवस्थापन सर्वेक्षण गरी संगठन संरचना तथा दरबन्दी स्विकृत गर्नु पर्नेछ ।

(ग) अध्यादेशको दफा ८ को उपदफा १६ बमोजिम अधिकृत स्तर सातौ र नवौ तहका पदहरुमा दफा २९ को प्रकृया पुरा गरि अध्यादेशमा तोकिएको बमोजिमको बढुवा समितिको सिफारिसमा बढुवा गरिनेछ ।

(घ) संघिय लोकसेवा आयोगबाट खुल्ला प्रतियोगीता परिक्षाबाट स्थानिय सेवाको छैठौ तहमा सिफारिस भई नियुक्ति भई सकेका कर्मचारीलाई स्थानिय सेवाको सातौ तहका लागी आवश्यक न्यूनतम शैक्षिक योग्यता पुगेको भएमा अख्तियारवालाले सातौ तहमा तह बृद्दि गरिनेछ यसको लागी संगठन तथा ब्यवस्थापन सर्वेक्षण गरी संगठन संरचना तथा दरबन्दी स्विकृत गर्नु पर्नेछ ।

(ङ) निजामती सेवा बाहेक अन्य सेवाका कर्मचारीहरु स्थानिय तहमा समान पदमा समायोजन भई आएका नवौ तह सम्मका स्थायी कर्मचारीहरु तथा संघीय लोकसेवा आयोग बाट स्थानिय तहको छैठौ तहमा सिफारिस भई आएका र यो अध्यादेश जारी हुँदाको बखतसम्म तह बृद्धि नभएका कर्मचारीहरुलाई एक पटकको लागि अध्यादेशको दफा ८ को १६ अनुसार तह बृद्धि गरिनेछ।

(च) अध्यादेशको दफा ४ को उपदफा ५ बमोजिमको तेस्रो र चौथो तहको पदमा समायोजन भई अध्यादेश जारी हुँदा सम्म ५ वर्ष पूरा भएका कर्मचारीहरुको स्वत : चौथो र पाचौ तहमा तह बृद्दि गरि प्रमुख प्रशासकिय अधिकृतले निर्णय गरी नियुक्ति पत्र दिनेछ ।

(छ) उपदफा ५ को १ को शैक्षिक योग्यता विवरण नेपाल कृषि सेवा (गठन,समूह तथा श्रेणी विभाजन र नियुक्ति) नियमहरु २०५० मा भएको ब्यवस्था अनुसार साथै कर्मचारी समायोजन ऐन २०७५ मा भएको ब्यवस्था बमोजिम सहायक पाचौ तहबाट अधिकृत छैठौ तहमा तह बृद्दि गर्दा आवश्यक योग्यता कृषि /पशुपालन विषयमा JTAअध्ययन गरि कम्तिमा ३ वर्षको कार्यअनुभव भएको वा सम्बन्धीत विषयमा SLC/TSLC उतिर्ण गरि ३ वर्ष अनुभव भएको वा आई एस्सी एजि वा सम्बन्धीत विषयमा कक्षा १२ उतिर्ण वा सो सरह योग्यता भएको हुनुपर्नेछ

**<u>७.कामकाजमा खटिएका कर्मचारी सम्बन्धी ब्यवस्था :</u>** कोशि प्रदेश बाहिर वा कोशि प्रदेश भित्र कामकाजमा खटिएका कर्मचारीहरुको हकमा कर्मचारीको दरबन्दी/पदाधिकारी रहेको कार्यालयमा तह बृद्दि गरिनेछ ।

## ८. <u>सिफारिस समितिः</u>

१. अध्यादेशको दफा ४(५), दफा ८(१६) र दफा २८ को (१) बमोजिम गाउँपालिकामा कार्यरत कर्मचारीको तह वृद्धि गर्न तपशिल बमोजिमको तह बृद्धि सिफारिस समिति रहनेछ र समितिको वैठक समिति आफैले निर्धारण गरे बमोजिम बस्नेछ।

१. प्रमुख प्रशासकीय अधिकृत - संयोजक

२. कार्यपालिकाले तोकेको १ महिला सहित २ जना कर्मचारी - सदस्य

**९. <u>समितिको काम कर्तव्य र अधिकारः</u>** सिफारिस समितिको काम कर्तव्य र अधिकार तपसिल बमोजिम हुनेछ ।

(क) तह वृद्धि प्रयोजनका लागि कार्यतालिका निर्धारण गर्ने ।

(ख) आवेदन शुल्क निर्धारण गर्ने ।

(ग) आवेदन पेशका लागि सूचना प्रकासित गर्ने ।

(घ) पेश भएका कागजातहरुको अध्ययन तथा विष्लेषण गर्ने ।

(ङ) अध्यादेशको दफा ४(५) बमोजिम सेवा अवधि पाँच वर्ष पुरा गरेका कर्मचारी तह वृद्धिको लागि निर्णय गर्ने ।

(च) अध्यादेशको दफा ८(१६) बमोजिमका कर्मचारीको तह वृद्धिको लागि निर्णय गर्ने ।

(छ) अध्यादेशको दफा २८ बमोजिमका कर्मचारीको तह वृद्धिको लागि निर्णय गर्ने ।

(ज) तह वृद्धि गरिने कर्मचारीहरुको नामावली सहित तह वृद्धिका लागि कार्यालयलाई सिफारिस गर्ने ।

**१०. <u>निवेदन दिनु पर्ने</u>ः** तह वृद्धि हुनका लागि ईच्छुक सम्भाव्य कर्मचारीले अनुसूची १ बमोजिमको ढाँचामा दफा ३ मा तोकिएको मिति भित्र निवेदन पेश गर्नु पर्नेछ ।

**११. <u>सिफारिसः</u>**

(१) सूचना प्रकाशित भएको मितिले १५ दिन भित्रमा सिफारिस समितिले निवेदनसाथ प्राप्त कागजातहरुको जाँच गरी कार्यालयलाई तह वृद्धिको लागि सिफारिस गर्नु पर्नेछ ।

(२) उपदफा १ बमोजिम सिफारिस गर्दा कर्मचारीले तह बृद्धि हुनु पुर्वको पदमा भएको स्थायी तथा बढुवा नियुक्ति अनुसारको सेवा अवधि, शैक्षिक योग्यता, सेवाकालिन तालिमलाई आधारमानी क्रम निर्धारण गरी सिफारिस गर्नु पर्नेछ ।

**१२. <u>तह बृद्धि गर्न नहुने</u>ः** यस कार्यविधिमा अन्यन्त्र जुनसुकै कुरा लेखिएको भएता पनि देहायको अवस्थामा दफा ३ को उपदफा (१) बमोजिमको सिफारिस समितिले कर्मचारीलाई तह बृद्धिको लागि सिफारिस गरिने छैन ।

१. नसिहतको सजाय पाएकोमा नसिहत पाएको मितिले एक बर्ष पुरा नभएसम्म ।

२. निलम्बन भएकोमा निलम्बन भएको अवधिभर ।

३. तलव बृद्धि वा बढुवा रोक्का भएको अवधिभर ।

४. असाधारण विदामा बसेकोमा सो विदाको अवधिभर ।

**१३. <u>तह बृद्धि सम्बन्धी अन्य बिशेष व्यवस्था</u>**

(१) संघीय लोकसेवा आयोगबाट छैटौं तहमा सिफारिस भई आएको कर्मचारीको सातौं तहमा तह कायम गरिनेछ ।

(२) निजामति सेवा बाहेक अन्य सेवाबाट स्थानीय तहमा समान पदमा समायोजन भइ आएका र अध्यादेश जारी हुँदाका बखतसम्म तह बृद्धि नभएका कर्मचारीहरुलाई एक पटकको लागि एक तह बृद्धि गरिनेछ ।

(३) अख्तियारवालाले दफा ४ को उपदफा ५ र दफा ८ को १६ उपदफा तत्काल कार्यान्वयन गर्न कुनै बाधा पर्ने छैन ।

(४) तह बृद्धि सम्बन्धी सिफारिस दफा ३ बमोजिम गठित समितले गर्नेछ ।

**१४. <u>तह बृद्धि पत्र</u>ः** दफा ६ बमोजिम सिफारिस भएको सात दिन भित्रमा प्रमुख प्रशासकीय अधिकृतले सम्बन्धित कर्मचारीलाई अनुसूची -२ अनुसारको ढाँचामा तह बृद्धिको पत्र दिनु पर्नेछ ।

**१५. <u>तह बृद्धि भएका कर्मचारीको सेवा, सुविधाः</u>**

(१) यस कार्यविधि बमोजिम तह बृद्धि भएका कर्मचारीले तह बृद्धिका लागि निर्णय गरेको मितिबाट मात्र माथिलो तहको तलव भत्ता प्राप्त गर्नेछन् ।
(२) यस कार्यविधि बमोजिम तह बृद्धि गर्दा सम्बन्धित कर्मचारीले खाईपाइ आएको तलव भन्दा घटी हुने भएमा खाईपाई आएको तलव भन्दा घटी नहुने गरी गाउँपालिकाले तलव मिलान गर्नु पर्नेछ ।
(३) तह बृद्धि भएका कर्मचारी सेवा निवृत्त हुँदा उपदानको लागि प्राप्त गर्ने सेवा, सुविधा कानुन बमोजिम हुनेछ ।
(४) अध्यादेशको दफा ४ को उपदफा ५ बमोजिम तह बृद्धि भएका कर्मचारीको जेष्ठता अध्यादेश जारी भएको मितिबाट कायम हुनेछ ।
(५) अध्यादेशको दफा ८ को उपदफा १६ बमोजिम तह बृद्धि भएका निजामति सेवा बाहेक अन्य सेवाबाट समायोजन भएका कर्मचारीको जेष्ठता अध्यादेश जारी भएको मितिबाट कायम हुनेछ ।
(६) अध्यादेशको दफा ८ को उपदफा १६ बमोजिम तह बृद्धि भएका संघीय लोकसेवा आयोगबाट सिफारिस भई स्थायी नियुक्ति लिएका कर्मचारीको जेष्ठता शुरु नियुक्ति मितिबाट कायम हुनेछ ।
(७) अध्यादेशको दफा २८ बमोजिम तह बृद्धि भएका कर्मचारीको जेष्ठता निर्णय भएको मितिबाट कायम हुनेछ ।

**१६. <u>जानकारी दिनु पर्ने</u>:** (१) यस कार्यविधि बमोजिम गाउँपालिकाले गरेको तह बृद्धिको जानकारी तह बृद्धिको निर्णय भएको मितिले पन्ध्र दिन भित्रमा मुख्यमन्त्री तथा मन्त्रीपरिषदको कार्यालय, प्रदेश किताबखाना र प्रदेश लोकसेवा आयोगलाई दिनु पर्नेछ ।
(२) तह बृद्धि भएका कर्मचारीहरुको विवरण स्थानीय राजपत्रमा समेत प्रकाशन गरिनेछ ।
**१७. <u>बाधा अड्कन फुकाउन सक्ने</u>:** यस कार्यविधिको कार्यान्वयनमा कुनै बाधा उत्पन्न भएमा गाउँ कार्यपालिकाले आवश्यक निर्णय गरी त्यस्तो बाधा अड्कन फुकाउन सक्नेछ ।
**<u>१८.उजुरी र गुनासो :</u>** यस कार्यविधी बमोजिम भएको तह बृद्दिको निर्णय उपर कुनै पनि उम्मेदवारलाई चित्त नबुझेमासूचना प्रकाशन भएको २१ दनि भित्र प्रदेश लोकसेवा आयोगमा उजुरी गर्न सकिनेछ ।
**१९. <u>सचिवालय</u>:** सिफारिस समितिको सचिवालय कर्मचारी प्रशासन हेर्ने शाखामा रहनेछ ।
**२०. <u>विविध</u>:** समितिका पदाधिकारीहरुले गाउँपालिकामा गठित अन्य समितिका सदस्यहरुले पाए सरहको बैठक भत्ता पाउँनेछन ।
**२१. <u>कार्यविधिमा परिमार्जन</u>:** कार्यविधिमा परिमार्जन तथा हेरफेर गर्नु परेमा कार्यपालिकाले प्रदेश लोकसेवा आयोगसँग आवश्यक परामर्श गरी परिमार्जन गर्न सक्नेछ ।

भोटखोला गाउँपालिका संखुवासभा

अनुसूचि-१

(दफा ३ को उपदफा ३ संग सम्बन्धीत)

मिति :................................

श्री प्रमुख प्रशासकिय अधिकृत ज्यू
भोटखोला गाउँपालिका,गाउँकार्यपालिकाको कार्यालय
हटिया, सङखुवासभा ।

विषय : तह बृद्दि/तह कायम गरि पाउँ ।

प्रस्तुत विषयमा यस भोटखोला गाउँपालिकाको तह बृद्दि सम्बन्धी मिति .........................मा प्रकाशित सूचना अनुसार हाल म तपशिल बमोजिमको पद तथा तहमा कार्यरत रहेको र उत्त सूचना बमोजिमको पदमा बृद्दि हुन योग्य रहेको हुँदा तपशिल बमोजिमको कागजात सिहत यो निवेदन पेश गर्दछु ।

तपशिल

१.स्थायी नियुक्तिको पत्र
२.समायोजन पत्र
३.बढुवा/स्तरबृद्दि/तह कायम भएको पत्र
४.नेपाली नागरिक्ताको प्रमाणपत्र
५.शैक्षिक योग्यताको प्रमाणपत्र

| हाल कार्यरत पदको विवरण | बढुवा/ तह बृद्दि/स्तरबृद्दि हुनु पर्ने |
|---|---|
| नाम थर : | सेवा : |
| पद : | समुह/उपसमुह ; |
| तह: | पद : |
| सेवा : | तह : |
| सुरु नियुक्ति मिति : | कार्यालय : |
| समुह/उपसमुह : | |
| हालको पदमा बढुवा /स्तरबृद्दि मिति : | |
| कार्यरत कार्यालय : | |

माथि उल्लेखित सबै ब्यहोरा ठिक साचो हो झुठा टहरेमा कानुन बमोजिम सहुँला बुझाउँला ।

निवेदक
नाम :
पद :
क.सं. नं :



भोटखोला गाउँपालिका संखुवासभा

अनुसूचि-२

( कार्यविधिको दफा १४ संग सम्बन्धीत)

प.सं.: मिति: ..............................

च.नं :

विषय : तह बृद्दि/मिलान गरिएको ।

महाशय,

तपाई कोशि प्रदेश स्थानिय सेवाको गठन तथा संचालन र सेवा शर्तहरु सम्बन्धमा ब्यवस्था गर्न जारी गरिएको स्थानिय सेवा (गठन तथा संचालन) अध्यादेश २०८० को दफा ४ को उपदफा ५/दफा ८ को उपदफा १६ र भोटखोला गाउपालिकाको स्थानिय कर्मचारी तहबृद्दि सम्बन्धी कार्यविधि २०८० बमोजिम मिति ....................गतेबाट जेष्ठता कायम हुने गरि तह बृद्दि/तह मिलान गरिएको छ ।

तपाईलाई प्राप्त जिम्मेवारी राष्ट जनता र सरकार प्रति कर्तब्यनिष्ट भई प्रचलित ऐन नियम र कानुनको परिधीमा रहेर पारदर्शि निष्पक्ष र अनुसाशित भई सकरात्मक सोच र उर्जाका साथ कार्यान्वयन गर्नुहुनेछ भन्ने अपेषा लिएको छु ।

तपशिल

| हाल कार्यरत पद | बढुवा/तह बृद्दि/स्तरबृद्दि गरेको पद |
|---|---|
| नाम थर : | सेवा : |
| पद : | समुह/उपसमुह ; |
| तह: | पद : |
| सेवा : | तह : |
| सुरु नियुक्ति मिति : | कार्यालय : |
| समुह/उपसमुह : | |
| हालको पदमा बढुवा /स्तरबृद्दि मिति : | |
| कार्यरत कार्यालय : | |

श्री ...................................

कर्मचारी संकेत नं : ............

.......................................

प्रमुख प्रशासकिय अधिकृत

बोधार्थ

१.श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, स्थानिय तह कर्मचारी प्रशासन शाखा,शिंहदरवार काठमाण्डौ ।

२.श्री लोकसेवा आयोग ,केन्द्रिय कार्यालय अनामनगर काठमाडौ ।

३.श्री मुख्यमन्त्री तथा मन्त्रीपरिषदको कार्यालय,कोशि प्रदेश विराटनगर मोरङ ।

४.श्री राष्ट्रिय किताबखाना निजामति पुल्चोक ललितपुर ।

५.श्री प्रदेश लोकसेवा आयोग,विराटनगर मोरङ ।

६.श्री प्रदेश किताबखाना ,विराटनगर मोरङ ।

७.श्री नागरिक लगानी कोष , नयाँ वानेश्वर काठमाण्डौ ।

८.श्री कर्मचारी संचयकोष , विराटनगर मोरङ ।

९.श्री आर्थिक प्रशासन महाशाखा, भोटखोला गाउँपालिका , गाउँ कार्यपालिकाको कार्यालय हटिया सङखुवासभा ।

१०.श्री कोष तथा लेखा नियन्त्रकको कार्यालय सङखुवासभा ।

भोटखोला गाउँपालिका संखुवासभा